बैठक संख्या: ०६

आज मिति २०८३ साल कार्तिक १२ गते विहीबार रुरुक्षेत्र गाउँपालिका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्ताबमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय: दिनको ११:०० बजे

स्थान: कार्यपालिका बैठक कक्ष

उपस्थिति:

क्र.सं.	पद	नाम थर	हस्ताक्षर
१.	अध्यक्ष	श्री यदु ज्ञवाली	
२.	उपाध्यक्ष	श्री मिना देवी गौतम	मिना
३.	सदस्य	श्री नवराज वि.के.	
४.	सदस्य	श्री घनश्याम अर्याल	
५.	सदस्य	श्री शेषनारायण पौडेल	
६.	सदस्य	श्री मोती प्रसाद श्रेष्ठ	
७.	सदस्य	श्री हरि प्रसाद ज्ञवाली	
८.	सदस्य	श्री रोमनाथ पौड्याल	
९.	सदस्य	श्री लक्ष्मी भट्टराई	
१०.	सदस्य	श्री हरिकला वराल क्षेत्री	
११.	सदस्य	श्री राजकुमारी शाही	
१२.	सदस्य	श्री बुद्धिमती लामिछाने	
१३.	सदस्य	श्री दुर्गा विश्वकर्मा	
१४.	सदस्य	श्री मिना कुमारी नेपाली	मिना
१५.	सचिव	श्री दिनेश ज्ञवाली (प्र.प्र.अ.)	

बैठक संचालन सहयोगी
जनस्वास्थ्य अधिकृत श्री इन्द्रदेव पौडेल
लेखा अधिकृत श्री शरद न्यौपाने
सहायक कम्प्युटर अधिकृत श्री दामोदर ज्ञवाली
ना.सु. श्री राम प्रसाद ज्ञवाली
ना.सु. श्री ज्ञानेन्द्र वि.क.
राजस्व शाखा श्री मदन पौड्याल
का.स. श्री इन्दिरा ज्ञवाली

२०८३ कार्तिक १२ गते बिहीबार छैठौ गाउँ कार्यपालिका बैठकका प्रस्ताबहरु:

१. पहिलो त्रैमासिक प्रगति समिक्षा सम्बन्धमा ।

२. पहिलो चौमासिक सार्वजनिक सुनुवाई सम्बन्धमा ।

३. अटो रिक्सा संचालन, स्टार्टअप नवप्रवर्द्धन कार्यक्रम र तिन सन्तान जन्माउने दम्पत्ती प्रोत्साहन कार्यक्रम संचालन सम्बन्धी कार्यविधि सम्बन्धमा ।

४. भाडादर सम्बन्धमा ।

५. भवन भाडामा उपलब्ध गराउने सम्बन्धमा ।

६. सडक बोर्डसँगको साझेदारीमा संचालन हुने सडकको छनौट सम्बन्धमा ।

७. रुरुक्षेत्र महास्नान- २०८३ तयारी सम्बन्धी बृहत भेला आयोजना गर्ने सम्बन्धमा ।

८. बजेट विनियोजन सम्बन्धमा ।

मिति २०८३ कार्तिक १२ गतेको छैठौ गाउँ कार्यपालिका बैठकका निर्णयहरुः

निर्णय नं.	निर्णयहरु
१.	आर्थिक बर्ष २०८३/०८४ को प्रथम त्रैमासिक अवधिको प्रगति प्रतिबेदन माथी समिक्षा गरीयो । उल्लेखित प्रगतिको अभिलेखीकरण गर्ने र बाँकी क्रियाकलापहरु निर्धारित समयभित्र सम्पन्न गर्ने ।
२.	सेवा प्रवाहको विषयमा आ.व. २०८३/०८४ को पहिलो चौमासिक सार्वजनिक सुनुवाई मिति २०८३/०८/११गते शुक्रबार दिनको १ बजे रुरुक्षेत्र गाउँपालिकाको सभाहलमा संचालन गर्ने ।
३.	रुरुक्षेत्र गाउँपालिकाको अटोरिक्सा निःशुल्क संचालन कार्यविधि, २०८३ र रुरुक्षेत्र गाउँपालिका स्टार्टअप उद्यम कर्जा कार्यक्रम संचालन कार्यविधि, २०८३ स्वीकृत गरी जारी गर्ने । साथै तिन सन्तान जन्माउने दम्पत्ती प्रोत्साहन कार्यक्रम संचालन सम्बन्धी कार्यविधि तर्जुमा गरी आगामी बैठकमा पेश गर्ने ।
४.	मिति २०८३/०७/१० मा जनप्रतिनिधी, अटो रिक्सा धनी, चालक, जिप व्यवसायी लगायतका सरोकारवालाहरुको भेलाले अटो रिक्साको भाडादरको सम्बन्धमा छलफल भएकोमा पक्की सडक र कच्ची सडकको प्रति कि.मी. भाडादर कायम गर्न सरोकारवालाहरुसँग पुनः छलफल गरी आगामी बैठकमा पेश गर्ने। साथै बलेटक्सार-काहुले-रिमुवा सडक, रिडी-ग्वादी सडक, बलेटक्सार-ग्वादी सडक र रिडी भट्कुवा सडकमा नियमित जिप चल्ने भएकोले सार्वजनिक यातयातको भाडादर कायम गर्न जिल्ला प्रशासन कार्यालय, गुल्मीलाई अनुरोध गर्ने ।
५.	रुरुक्षेत्र गाउँपालिकाको वडा नं. ४, बलेटक्सारमा रहेको कृषि संकलन केन्द्रको माथील्लो भाग (साविक गाउँपालिका अध्यक्ष र उपाध्यक्षको कार्यकक्ष रहेको) र सो क्षेत्रको खाली जग्गामा कफि प्रशोधन केन्द्र स्थापना गरी ब्रान्डिङ्ग र प्याकेजिङ्गको कार्य गर्ने र कफि सप समेत संचालन गर्न इच्छुक व्यक्तिलाई संझौताको अवधि ५ बर्षको रहने, प्रत्येक दुई बर्षमा १० प्रतिशत भाडा बृद्धि गर्ने गरी मासिक न्यूनतम भाडा कर सहित रु. ५,०००/- (अक्षरुपी पाँच हजार) मा बढिबढाउमा १५ दिनको सूचना प्रकाशन गरी बढी कबोल गर्नेसँग भाडा संझौता गरी उल्लेखित कार्य अगाडी बढाउने ।
६.	सडक बोर्ड नेपाल, मिनभवन, काठमाडौंबाट आ.व. २०८३/०८४ को लागि स्थानीय सडक मर्मत संभार कार्यका लागी रु. ३८ लाख विनियोजन भएकोमा सो रकममा गाउँपालिकाबाट रु. १२ लाख साझेदारी कार्यक्रम शिर्षकबाट विनियोजन गरी कुल रु. ५० लाख बजेटबाट देहायका योजना छनौट गरी सहमतिको लागि सडक बोर्ड नेपाल, काठमाडौंमा पठाउने । देहायः १.तलिगाउँ रातेडाँडा सडक, रुरुक्षेत्र-४, गुल्मी रु. १८ लाख २. माधा कोन्द्रा सडक, रुरुक्षेत्र-२, गुल्मी रु. १८ लाख ३. काहुले कालिकास्थान सडक, रुरुक्षेत्र-५, गुल्मी रु. १४ लाख

७.	रुरुक्षेत्र धाम रिडी, गुल्मीमा माघ महिनामा महास्नान मेला, २०८३ जाऔं रुरुक्षेत्र रिडी, महास्नानले चढौं मुक्तिको सिँढी भन्ने मुल नाराका साथ एक महिने (माघ १ देखी २९ सम्म) मेला संचालनको लागि तयार भएको कार्ययोजना अनुसारका विभिन्न समितिहरु गठन गर्नको लागि मिति २०८३ कार्तिक १५ गते आइतबार दिनको १ बजे रिडी मा.वि. को हलमा सार्वजनिक सूचना प्रकाशन गरी रुरुक्षेत्र महास्नान- २०८३ तयारी सम्बन्धी बृहत भेला आयोजना गर्ने ।
८.	रुरुक्षेत्र गाउँपालिकाको वडा नं. १ मा संचालित रिडी कबर्ड हल मिति २०८३/०६/११ गतेको अविरल बर्षाको कारण डुबानमा परी उक्त हल भित्रको कार्पेट र ब्याडमिन्टन म्याट पूर्णरुपमा क्षति भएकोले कवर्ड हल संचालनमा ल्याउन नसकिएको हुँदा कार्पेट र ब्याडमिन्टन म्याट खरिद गर्नको लागि बजेट विनियोजन गरीदिनुहुन भनी १ नं. वडा कार्यालय, रुरु, गुल्मीको च.नं. २३७ मिति २०८३/०७/११ को पत्र सहित आवश्यक कागजात पेश भएकोले रिडी कबर्ड हलमा कार्पेट र म्याट व्यवस्थापनको लागि विपद् व्यवस्थापन कोषबाट रु. ७ लाख बजेट विनियोजन गर्ने ।